२२३

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. १२८/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरममा आवद्ध नोदनाथ त्रिताल समेत ............................................................................................................२ निवेदक

विरूद्ध

कार्यालय प्रमुख (सचिव), संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं .१ विपक्षी
सूचना अधिकारी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ..........१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरममा आवद्ध नोदनाथ त्रिताल समेतले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०७१।०८।२५ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।०१ को आदेश बमोजिम निवेदकले माग गरेको सूचना उपलब्ध गराई आदेश कार्यान्वयन गर्नु भनी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा लेखी पठाएकोमा तहाँको मिति २०७१।१२।१५, च.नं.१४० को पत्र मार्फत निवेदकले माग गरेको सूचना निजलाई उपलब्ध गराइएको पत्रको बोधार्थ आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्नू । यसको जानकारी निवेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल वैशाख १७ गते रोज ५ शुभम् ।